# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८२/०८३
चलानी नं. :-

मिति :-

**५० % अनुदानमा मकैको उन्नत बीउ माग गर्ने सम्वन्धी सूचना !!!**

**सूचना नं – ५८**

**प्रथम पटक प्रकाशित मिति २०८२/११/१०**

विहादी गाउँपालिका कृषि विकास शाखाको चालु आ.व २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान"** कार्यक्रम अन्तर्गत ५० % अनुदानमा मकैको उन्नत जातको बीउ बितरणका लागि माग संकलन गर्नुपर्ने भएकोले ईच्छुक विहादी गाउँपालिका भित्रका कृषि सहकारी,कृषक समूह,कृषि फर्म र व्यवसायिक कृषकहरुले यो सूचना प्रकाशन भएको **मितिले ७ दिन भित्र** विहादी गाउँपालिका वा सम्वन्धित वडा कार्यालयहरुमा उपलब्ध हुने निवेदनको ढाँचा भरि आफुलाई पायक पर्ने स्थानहरु (गाउँपालिका वा सम्वन्धित वडा कार्यालय ) मा तपशिल बमोजिमको प्रक्रिया पुन्याई निवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेश नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउदछौ । **यदि प्रस्ताव पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसपछी कार्यालय खुल्ने दिन लाई नै अन्तिम मिति मानिने छ ।**

**तपशिलः**

| क्र.स | कार्यक्रम | मकै बालिका जातहरु | उन्नत बीउ प्रयोगकर्ता कृषकलाई उपलब्ध हुने मुल्य अनुदान (रु प्रति के.जी.) तथा खरिद प्रक्रिया | कैफियत |
|---|---|---|---|---|
| १. | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम (मकैको उन्नत बीउ वितरण) | अरुण-२,देउती,मनकामना-१,३,राम्पुर कम्पोजिट | कृषि विभागको परिपत्र वमोजिम हुने छ । | कृषि विभागको परिपत्र वमोजिम हुने |

आवश्यक कागजातहरु

- बीउको आवश्यक परिमाण र जात खुल्ने गरि कार्यक्रम मागको निवेदन।
- नागरिकताको प्रतिलिपी / कृषक वर्गिकरण परिचयपत्रको प्रतिलिपी ।
- सम्वन्धित वडाको सिफारिस ।
- समूह / सहकारीको हकमा कार्यक्रम माग गर्नका लागि समूहको निर्णय,दर्ता/नविकरण प्रमाणपत्र,करचुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी।
- मकै लगाउने क्षेत्रफल तथा स्वामित्व खुल्ने जग्गाको कागजातको प्रतिलिपी।

२०८२/११/१०
नि. प्रमुख प्रशासकीय अधिकृत

Website:-www.bihadimun.gov.np, Email:- info@bihadimun.gov.np, bihadi.ruralmun@gmail.com